

नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, असोज २ गते २०३८ साल (अतिरिक्ताङ्क २९

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबारको

सूचना

श्री ५ महाराजाधिराजबाट नेपालको संविधानको धारा ४१ ख. को उपधारा (२) बमोजिम स्वीकृत गरिबक्सेको "पञ्चायत नीति तथा जाँचबुझ समिति नियमावली, २०३८" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

पञ्चायत नीति तथा जाँचबुझ समिति नियमावली, २०३८

श्री ५ महाराजाधिराजबाट नेपालको संविधानको धारा ४१ ख. को उपधारा (२) बमोजिम देहायको नियमावली स्वीकृत गरिबक्सेको छः–

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमावलीको नाम "पञ्चायत नीति तथा जाँचबुझ समिति नियमावली, २०३८" रहनेछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "समिति" भन्नाले पञ्चायत नीति तथा जाँचबुझ समिति सम्झनुपर्छ ।

(ख) "सदस्य" भन्नाले पञ्चायत नीति तथा जाँचबुझ समितिको सदस्य सम्झनुपर्छ र यो शब्दले सो समितिको सदस्य-सचिव र अध्यक्ष समेतलाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद – २
समितिको गठन तथा सुविधा

३. समितिको गठनः (१) श्री ५ बाट राष्ट्रिय पञ्चायतका अध्यक्षको अध्यक्षतामा अध्यक्ष लगायत एक्काईस जना सदस्य संख्यामा नबढाई आवश्यकतानुसार देहायमा व्यवस्था गरिएबमोजिमका क्षेत्रहरूबाट सदस्यहरू रहन सक्ने गरी समितिको गठन गरिबक्सन सकिबक्सनेछः–

(क) राष्ट्रिय पञ्चायतः

(१) राष्ट्रिय पञ्चायतका अध्यक्ष–	अध्यक्ष
(२) राष्ट्रिय पञ्चायतका उपाध्यक्ष–	सदस्य
(३) राष्ट्रिय पञ्चायतका अध्यक्षको सिफारिशमा पाँच विकास क्षेत्रबाट एक एक जना पर्ने गरी राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्ये-बाट बढीमा पाँच जना व्यक्ति–	सदस्य
(ख) मन्त्रिपरिषद्ः प्रधानमन्त्रीको सिफारिशमा मन्त्रिपरिषद्का कुनै एक जना सदस्य–	सदस्य
(ग) पञ्चायतका वर्गीय सगठनः पञ्चायतका वर्गीय संगठनका केन्द्रीय संगठनहरूबाट श्री ५ बाट तोकिबक्सेका बढीमा ६ जना व्यक्ति–	सदस्य
(घ) श्री ५ बाट तोकिबक्सेका बढीमा छ जना व्यक्ति–	सदस्य
(ङ) श्री ५ बाट सदस्य-सचिवका निमित्त तोकि-बक्सेको एक जना व्यक्ति–	सदस्य-सचिव

(२) श्री ५ बाट राष्ट्रिय पञ्चायतका अध्यक्षको सिफारिशमा वा तत्काल समितिलाई परिवर्तन गर्न आवश्यक छ भन्ने कुरा महसूस गरिबक्सेमा राष्ट्रिय पञ्चायतका अध्यक्षको अध्यक्षतामै तोकिबक्सेका व्यक्तिहरू रहन सक्ने गरी समितिको गठन पनि गर्न सकिबक्सनेछ ।

मौसूफबाट यस उपनियम अनुसार समितिको गठन गरिबक्सेमा उपनियम (१) को कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन । साथै,मौसूफबाट आवश्यक सम्झिबक्सेमा कुनै बखत उपनियम (१) वा (२) अनुसार गठन गरिएको समितिका सदस्यहरूमा हेरफेर वा थपघट गर्न वा समिति विघटन गरिबक्सी नयाँ समिति गठन गरिबक्सन समेत सकिबक्सनेछ ।

आधिकारिकता सम्पुष्टिभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद रिक्त रहेको अवस्थामा अध्यक्षको नियुक्ति नभएसम्म श्री ५ बाट राष्ट्रिय पञ्चायतको उपाध्यक्षलाई समितिको कायम मुकायम अध्यक्ष भई काम गर्न तोक्न सकिबक्सनेछ। तर राष्ट्रिय पञ्चायतको अध्यक्ष तथा उपाध्यक्ष दुवैको पद रिक्त रहेको अवस्थामा मौसूफबाट समितिको कुनै सदस्य वा मौसूफबाट अन्य कुनै व्यक्तिलाई समितिको कायम मुकायम अध्यक्ष भै काम गर्न तोक्न सकिबक्सनेछ।

(४) समितिका अध्यक्ष अस्वस्थ भएमा वा अरू कुनै कारणवश अध्यक्ष पदको काम गर्न असमर्थ भएमा श्री ५ बाट राष्ट्रिय पञ्चायतका उपाध्यक्षलाई वा निजको पद रिक्त रहेको अवस्थामा श्री ५ बाट समितिका कुनै सदस्य वा मौसूफबाट अन्य कुनै व्यक्तिलाई कायम मुकायम अध्यक्ष भै काम गर्न तोक्न सकिबक्सनेछ।

४. शपथ ग्रहणः समितिका अध्यक्षले श्री ५ का हजूरमा र अन्य सदस्यहरूले अध्यक्ष-समक्ष अनुसूची १ मा तोकिएबमोजिम पदको तथा अनुसूची २ मा तोकिएबमोजिम गोपनियताको शपथ ग्रहण गर्नु पर्नेछ।

५. पदावधि, पारिश्रमिक तथा सुविधाः (१) नियम ३ को उपनियम (२) तथा यस नियमको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) र (ख) का अधीनमा रही समितिका अध्यक्ष र सदस्य रहेको राष्ट्रिय पञ्चायतका उपाध्यक्षबाहेक अन्य सदस्यहरूको पदावधि सामान्यतः दुई वर्ष छ महीना हुनेछ।

तर–

(क) नियम ३ को उपनियम (१) अनुसार गठन भएको समितिका सदस्य-हरूको सदस्यता देहायका अवस्थामा कायम रहनेछैनः–

(१) नियम ३ को उपनियम (१) को खण्ड (क) को (१) अनु-सारको सदस्यको हकमा निज राष्ट्रिय पञ्चायतको अध्यक्ष नरहेमा,

(२) नियम ३ को उपनियम (१) को खण्ड (क) को (२) अनुसारको सदस्यको हकमा निज राष्ट्रिय पञ्चायतको उपाध्यक्ष नरहेमा,

(३) नियम ३ को उपनियम (१) को खण्ड (क) को (३) अनु-सारको सदस्यको हकमा निज राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा वा मन्त्रिपरिषद्को सदस्य भएमा,

(४) नियम ३ को उपनियम (१) को खण्ड (ख) अनुसारको सदस्यको हकमा निज मन्त्रिपरिषद्को सदस्य नरहेमा, र

(५) नियम ३ को उपनियम (१) को खण्ड (ग) अनुसारको सदस्यको हकमा निज सम्बन्धित वर्गीय संगठनको केन्द्रीय संगठनको सदस्य नरहेमा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नियम ३ को उपनियम (१) वा (२) अन्तर्गत गठन भएको समितिका कुनै सदस्यले अध्यक्षसमक्ष लिखित राजीनामा दिएमा वा कुनै सदस्यलाई श्री ५ बाट हटाई बक्सेमा वा देहायको एक वा सोभन्दा बढी अवस्था देखाई अध्यक्षले गरेको सिफारिशमा श्री ५ बाट गठन गरिबक्सेको आयोगले हटाउनु पर्ने ठहऱ्याएमा निज समितिको सदस्य रहनेछैनः—

(१) कार्य क्षमताको अभाव भएमा,

(२) खराब आचरण भएमा,

(३) अख्तियारको दुरुपयोग गरेमा, वा

(४) आफ्नो कर्तव्य पालन नगरेमा ।

(२) सदस्यको मर्यादाक्रम, पारिश्रमिक तथा अन्य सुविधाहरू राष्ट्रिय पञ्चायतका सदस्यले पाएसरह हुनेछ । तर कुनै सदस्यको मर्यादाक्रम, पारिश्रमिक तथा अन्य सुविधाहरू राष्ट्रिय पञ्चायतका सदस्यको वा सोभन्दा माथिल्लो तहको उपभोग गरिरहेको रहेछ भने सोही कायम रहनेछ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद– ३

समितिको काम, कर्तव्य तथा अधिकार

६. समितिको काम तथा कर्तव्यः श्री ५ बाट नेपाल र नेपालीको हितका निमित्त समय समयमा बक्सेका मार्ग दर्शन, निर्देशन, नेपालको संविधान र प्रचलित नेपाल कानूनका अधीनमा रही यस नियमावलीमा अन्यत्र उल्लिखित कामका अतिरिक्त समितिले गर्नु पर्ने काम तथा कर्तव्य देहायबमोजिम हुनेछः–

(क) श्री ५ बाट पठाइबक्सेका संवैधानिक अङ्गका वार्षिक प्रतिवेदनमा नेपालको संविधानको धारा ४१ क. को उपधारा (१) बमोजिमको राष्ट्रिय पञ्चायतको सम्बन्धित समितिहरूले छलफल गरी गरेका निर्णयहरूलाई सम्बन्धित निकायद्वारा कार्यान्वयन गराउने,

(ख) नेपालको संविधानको धारा ४१ ख. को उपधारा (२) अनुसार दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सम्बर्धनको लागि आवश्यक पर्ने काम कारवाई गर्ने, र

(ग) प्रचलित नेपाल कानूनमा व्यवस्था भएबमोजिम अन्य कामहरू गर्ने ।

७. निर्णय कार्यान्वयन गराउनेः (१) श्री ५ बाट पठाइबक्सेका संवैधानिक अङ्गका वार्षिक प्रतिवेदनमा नेपालको संविधानको धारा ४१ क. को उपधारा (१) बमोजिमको राष्ट्रिय पञ्चायतको सम्बन्धित समितिहरूले छलफल गरी गरेका निर्णयहरूमध्ये श्री ५ को सरकारसंग सम्बन्धित विषयहरूमा समितिले सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्रीद्वारा कार्यान्वयन गराउनु पर्नेछ । त्यसरी कार्यान्वयन गराउने सिलसिलामा समितिलाई देहायबमोजिम गर्ने गराउने अधिकार हुनेछः–

(क) यस उपनियमबमोजिम कार्यान्वयन गराउनु पर्ने निर्णयको विषयवस्तुको प्रकृति, गाम्भीर्य तथा आवश्यकतालाई समेत विचार गरी मुनासिब समयको म्याद तोकी सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्रीलाई कार्यान्वयन गर्नु गराउनु र त्यसको नतीजा समेत समितिलाई सूचना गर्नु भनी समितिले लेखी पठाउन सक्नेछ ।

(ख) खण्ड (क) बमोजिम गर्नुअगावै समितिले आवश्यक ठानेमा निर्णय कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालयमा समितिका सदस्य र आवश्यक सहयोगका लागि चाहिने विशेषज्ञ लिएर विचार विमर्श गर्न जान वा समितिमा नै सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री र सहायक मन्त्री तथा सो विषयसंग सम्बन्धित विशेषज्ञलाई बोलाई समितिले आपसी विचार विमर्श गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जुन विषयमा समस्या उत्पन्न भई निर्णय कार्यान्वयन गराउनु परेको हो सो निर्णयको विषयको प्रकृति, गाम्भीर्य तथा आवश्यकता-लाई समेत ध्यानमा राखी समितिले उचित ठानेमा त्यस्ता समस्या-हरूको मूल कारण पत्ता लगाउन वा त्यस्ता समस्या पुनरावृत्ति हुन नपाउन सम्बन्धित मन्त्रालयसँग सरोकारको विषयमा स्थलगत अध्ययन तथा निरीक्षण गर्न चाहेमा सम्बन्धित विभागीय मन्त्री वा राज्य मन्त्रीले समितिलाई चाहिने आवश्यक कागजात, चिजवस्तु र भएसम्मका तथ्य अवलोकन गर्न वा जाँचबुझ गर्नसमेत आफ्नो उप-स्थितिमा वा आफू उपस्थित हुन नसकेमा प्रधानमन्त्रीले सोसरहका अन्य विभागीय मन्त्री वा राज्यमन्त्रीको उपस्थितिमा उपलब्ध गराई दिनु पर्नेछ ।

(घ) समितिले यस उपनियमबमोजिम सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्रीद्वारा कार्यान्वयन गराउन पर्ने निर्णयका सम्बन्धमा समितिले सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्रीसँग छलफल गरी पठाएको आदेशलाई विभागीय मन्त्री वा राज्यमन्त्रीले पालन नगरे, नगराएमा वा ढिलाइ गरेमा समितिले स्पष्टीकरणसमेत माग गर्न सक्नेछ ।

(२) समितिले उपनियम (१) बमोजिम निर्णय कार्यान्वयन गर्दा चाहिने आवश्यक सहयोग वा मरमद्दतलाई कुनै कुरा परी आएमा मन्त्रिपरिषद् सचिवा-लयमा लेखी पठाउन सक्नेछ। मन्त्रिपरिषद् सचिवालयले पनि श्री ५ को सरकारको तहबाटै हुन सक्ने सो आवश्यक कुराको व्यवस्थालाई चाहिने कुरा उपलब्ध गराई दिन सम्बन्धित मन्त्रालय वा सो अन्तर्गतका कार्यालयबाट निकासा गराई दिनु पर्नेछ ।

(३) उपनियम (१) अनुसार समितिले निर्णय कार्यान्वयन गराउने सिलसि-लामा कुनै निर्णय विभागीय मन्त्री वा राज्यमन्त्रीको कार्यक्षेत्रभित्र नपरी संवै-धानिक अङ्गले नै कार्यान्वयन गर्नु पर्ने विषय वा क्षेत्रको निर्णय पर्न आएमा समितिले सो कुरा स्पष्ट रूपमा खुलाई श्री ५ का हजूरमा प्रतिवेदन जाहेर गर्नु पर्नेछ ।

आधिकारिकता सूचना विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद– ४

पञ्चायतसम्बन्धी काम तथा अधिकार

८. पञ्चायतको सम्बर्द्धनः समितिले नेपालको संविधानका अधीनमा रही दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सम्बर्द्धनका लागि आवश्यकता अनुसार काम कारवाई गर्न सक्नेछ ।

९. प्रशिक्षणको व्यवस्थाः (१) समितिले दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको यथार्थ र सही जानकारी कार्यकर्ताहरूलाई गराउँदा नेपाल अधिराज्य, राजसंस्था र राष्ट्रियता जस्ता विषयका सम्बन्धमा समेत आवश्यकता अनुसार समावेश गरी बेला बेलामा भेला, गोष्ठी वा तालीम शिविरहरूको सञ्चालन गर्न सक्नेछ ।

(२) यस्तो भेला, गोष्ठी वा तालीम शिविरहरू विभिन्न विकास क्षेत्र, अञ्चल वा जिल्लाहरूमा समितिले आवश्यक र उपयुक्त कार्यक्रम बनाई रचनात्मक ढंगले क्रमशः गराउँदै लैजान सक्नेछ ।

१०. आचार विधिः समितिले आवश्यक देखेमा कार्यकर्ताहरूमा राम्रो आचारको विकास गराउन रचनात्मक आचार विधिहरूको तर्जुमा गर्न सक्नेछ । तर त्यस्तो आचार विधि कार्यान्वयन गर्नुअघि केन्द्रीय तथा स्थानीय पञ्च भेलाहरूबाट समेत अनुमोदन हुनु पर्नेछ ।

११. भेला : (१) दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सम्बर्द्धनका लागि बेला बेलामा आवश्यक पर्ने पञ्चभेला, गोष्ठी, प्रदर्शन र कार्यक्रमहरू समितिले आवश्यकतानुसार सञ्चालन गर्न सक्नेछ ।

(२) यो नियमबमोजिम संचालन गरिने त्यस्तो पञ्चभेला, गोष्ठी, प्रदर्शन तथा कार्यक्रमहरूलाई चाहिने कार्यविधि, स्थान, समय तथा त्यसमा सम्मिलित तथा आमन्त्रित गरिने व्यक्ति वा कार्यकर्ताका सम्बन्धमा समिति आफैंले आवश्यक देखेका निकाय वा अंगसंग सम्पर्क राखी परामर्श गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद– ५

राष्ट्रिय पञ्चायतले स्वीकृत गरेमा समितिले सचेत, निलम्बन वा निष्कासन गर्न सक्ने

१२. सचेत, निलम्बन र निष्कासनः (१) राष्ट्रिय पञ्चायतको कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेमा वा नेपालको संविधान विपरीत काम गरेमा त्यस्तो सदस्यलाई निजको कसूर अनुसार नेपालको संविधानको धारा ३८ को उपधारा (२) मा व्यवस्था भएबमोजिम समितिले कसूरको प्रकृति र गाम्भीर्यलाई हेरी सचेत गर्न वा बढीमा ५ वर्षसम्म निलम्बन वा निष्कासन गर्न सक्नेछ ।

तर–

त्यस्तो आरोप लागेका राष्ट्रिय पञ्चायतका सदस्यलाई आफ्नो सफाइ दिनको निमित्त समितिले मुनासिब मौका दिनु पर्नेछ ।

(२) देहायको अवस्थामा समितिले उपनियम (१) बमोजिम गरेको सजाय कम गर्न वा फुकाउन सक्नेछः–

(क) जुन कुराको कसूर अनुसार सचेत वा निलम्बित वा निष्कासित भएको हो सो कुराको कसूर लागेको व्यक्तिले आफूलाई सुधारेको छ भन्ने कुरा समितिले ठहऱ्याएमा, वा

(ख) कसूर गरेका विषयमा कसूर लागेको व्यक्तिले समितिसमक्ष लिखित रूपमा शर्तरहित पूर्ण रूपमा क्षमा याचना गरेकोमा समिति सन्तुष्ट भएमा ।

(३) उपनियम (२) बमोजिम भएको काम कारवाईको जानकारी राष्ट्रिय पञ्चायतलाई सूचना दिन यथाशीघ्र समितिले राष्ट्रिय पञ्चायत सचिवालयमा लेखी पठाउनु पर्नेछ ।

(४) राष्ट्रिय पञ्चायतको कुनै सदस्यले नेपालको संविधानको धारा ३८ को उपधारा (२) मा उल्लेख भएको कसूर गरेमा समितिले सो सम्बन्धमा कारवाई गर्दा समितिका कुनै सदस्यले सो विषयलाई लिई समितिसमक्ष प्रस्ताव पेश गर्न सक्नेछ । त्यस्तो प्रस्ताव पेश भएमा समितिले सो कुरामा आवश्यक छानबीन गरी आरोप लागेको सदस्यलाई आफ्नो सफाइ दिनका निमित्त मनासिब मौका दिनु पर्नेछ । त्यसपछि समितिले छलफल गर्दा समितिका सदस्यहरूको सामान्य बहुमतले सो प्रस्ताव पारित गरी कसूर गरेको ठहऱ्याएमा त्यस्तो पारित प्रस्ताव राष्ट्रिय पञ्चायतको अधिवेशन चालू रहेको अवस्थामा यथोचित समयमा समितिले प्रस्तुत गर्नु पर्नेछ । त्यसरी प्रस्तुत भएको प्रस्ताव राष्ट्रिय पञ्चायतबाट स्वीकृत भएमा समितिले यो नियम बमोजिम सचेत, निलम्बन वा निष्कासन गर्न सक्नेछ ।

(५) समितिले राष्ट्रिय पञ्चायतमा उपनियम (४) अनुसार प्रस्ताव पेश गर्ने कार्यविधि तथा राष्ट्रिय पञ्चायतमा सो सम्बन्धमा समितिका तर्फबाट आवश्यक कुरामा प्रतिनिधित्व गर्न, बोल्न र अन्य कारवाईका निमित्त नियम १५ अन्तर्गत व्यवस्था गरिए अनुसार हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद– ६

विविध

१३. उपसमितिः (१) समितिले आफ्नो कामहरू सुचारू रूपले सञ्चालन गर्न विभिन्न आन्तरिक उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) ती उपसमितिहरूको गठन तथा काम नियम १५ अन्तर्गत बनेको आन्तरिक कार्यविधि अनुरूप हुनेछ ।

१४. अधिकार प्रत्यायोजनः समितिले नेपालको संविधानको धारा ३८ को उपधारा (२) मा उल्लेखित विषयबाहेक आफूमा निहीत केही अधिकार आदेशद्वारा सोही आदेशमा तोकिएको सदस्य वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. आन्तरिक कार्यविधिः समितिले यस नियमावलीबमोजिम कार्य सम्पादन गर्न चाहिने आवश्यक आन्तरिक कार्यविधि आफैं बनाई कार्यान्वयन गर्न सक्नेछ ।

१६. समितिको बैठकः समितिको बैठक आवश्यकतानुसार बस्नेछ । बैठकसम्बन्धी कार्यविधि समिति आफैंले नियम १५ अन्तर्गत आन्तरिक कार्यविधिमा व्यवस्था गर्न सक्नेछ ।

१७. अदालतमा प्रश्न उठाउन नपाउनेः यो नियमावली अन्तर्गत भएको कुनै काम को सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिनेछैन ।

मुद्रण विभाग

अनुसूची– १
(नियम ४ संग सम्बन्धित)

श्री ५ महाराजाधिराज, मौसूफका उत्तराधिकारीहरू र नेपालको संविधान-प्रति पूर्णतया बफादार र दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाप्रति निष्ठावान रही आफनो सम्पूर्ण योग्यता, ज्ञान र विवेकले भ्याएसम्म आफनो कर्तव्यलाई भय, पक्षपात, लोभ वा द्वेषभाव नराखी पालन गर्नेछु भनी पञ्चायत नीति तथा जाँचबुझ समितिको अध्यक्ष। सदस्य। सदस्य-सचिव पदमा नियुक्त भएको म.....परमेश्वरलाई साक्षी राखेर शपथ लिन्छु।

मितिः

हस्ताक्षर.....

अनुसूची– २
(नियम ४ संग सम्बन्धित)

म..... परमेश्वरलाई साक्षी राखेर शपथ ग्रहण गर्दछु कि पञ्चायत नीति तथा जाँचबुझ समितिको अध्यक्ष। सदस्य। सदस्य-सचिवको हैसियतमा कामकाज गर्दा मलाई ज्ञात भएको वा हुन आएको गोप्य कुराहरू मेरो पदको कर्तव्य पालन गर्ना निमित्तबाहेक अरू कसैलाई म यस समितिमा बहाल रहे नरहेको जुनसुकै अवस्थामा पनि लेखेर वा बोलेर वा अरू कुनै माध्यमबाट थाहा दिनेछैन।

मितिः

हस्ताक्षर.....

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।